
सकारात्मक पालनपोषण, सँगै संरक्षण

कोरियामा सुरक्षित र स्वस्थ बालबालिका हुर्काउने:
बाल दुर्व्यवहार प्रतिवेदन र सहयोग सम्बन्धी मार्गदर्शन

वयस्क विदेशी बासिन्दाहरूका लागि



कोरियामा प्रत्येक बालबालिकालाई सुरक्षित रूपमा हुर्कने अधिकार छ। अभिभावक र संरक्षकहरूको आफ्ना बालबालिकालाई संरक्षण गर्ने र हुर्काउने जिम्मेवारी हुन्छ। सरकार र स्थानीय समुदायहरूले बालबालिका र परिवारलाई सहयोग गर्न विभिन्न सेवाहरू प्रदान गर्छन्। यस मार्गदर्शनले कोरियामा बसोबास गर्ने अभिभावक र संरक्षकहरूका लागि उपलब्ध प्रणाली र सहयोगबारे परिचय दिन्छ।

Ministry of Health and Welfare
NCRC National Center for the Rights of the Child

कोरियामा बाल दुर्व्यवहार बुझ्ने: परिभाषा र प्रकारहरू

प्रत्येक बालबालिकालाई दुर्व्यवहार, बेवास्ता र हिंसाबाट मुक्त भई सुरक्षित रूपमा हुर्कने अधिकार छ। पालनपोषणका तरिका देश र संस्कृतिअनुसार फरक हुन्छन्। कोरियामा शारीरिक दण्ड कहिल्यै अनुमति दिइँदैन, र अभिभावकहरूलाई आफ्ना बालबालिकाको सम्मान गर्न र तिनीहरूसँग संवाद गर्न प्रोत्साहित गरिन्छ।

कोरियामा "बाल दुर्व्यवहार" भनेको के हो?

कोरियामा, बाल दुर्व्यवहार भन्नाले बालबालिकाको वृद्धि र विकासलाई हानि पुऱ्याउने वा शारीरिक वा भावनात्मक चोट पुऱ्याउने कुनै पनि कार्यलाई बुझाउँछ। यो मापदण्ड अभिभावक र संरक्षकहरूमा पनि लागू हुन्छ।

(बाल कल्याण ऐनको दफा 3(7))

कोरियामा बाल दुर्व्यवहार मानिन सक्ने कार्यहरू

1.शारीरिक दुर्व्यवहार

बालबालिकालाई चोट पुऱ्याउने वा बालबालिकाको शारीरिक स्वास्थ्य र विकासलाई हानि पुऱ्याउने आकस्मिक बाहेकका कुनै पनि कार्य



- बालबालिकालाई पिट्नु वा टोक्नु
- कुनै वस्तु वा बल प्रयोग गरी बालबालिकालाई शारीरिक रूपमा धम्क्याउनु
- बालबालिकालाई पोल्नु वा अन्य किसिमले शारीरिक चोट पुऱ्याउनु

2.भावनात्मक दुर्व्यवहार

बालबालिकालाई गरिने मौखिक अपमान, भावनात्मक धम्की, थुनछेक वा अनुचित नियन्त्रण र अन्य क्रूर व्यवहार



- बालबालिकालाई अपमान गर्नु वा पटक-पटक आलोचना गर्नु
- कुनै एक विशेष बालबालिकाप्रति भेदभाव गर्नु (दाजुभाइ-दिदीबहिनी वा साथीहरूबीच तुलना, भेदभाव वा पक्षपात गर्नु)
- उदाहरणका लागि बालबालिकालाई घरेलु हिंसाको सामना गराएर उनीहरूमा डर वा चिन्ता उत्पन्न गराउनु

3.यौन दुर्व्यवहार

बालबालिकालाई अश्लील कार्य गर्न लगाउने, त्यस्ता कार्यको बिचौलिया बन्ने,
र बालबालिकालाई यौन दुर्व्यवहार गर्नेलगायत बालबालिका संलग्न कुनै पनि यौन कार्य



- आफ्नो यौन सन्तुष्टिका लागि बालबालिकालाई हेर्नु वा बालबालिकासामु आफूलाई यौन रूपमा उदाङ्गो पार्नु
- बालबालिकालाई यौन दुर्व्यवहार गर्नु, वा बालबालिकासँग यौनसम्पर्क वा यौनसम्पर्कसमान कार्य गर्नु
- बालबालिकालाई देहव्यापारमा लगाउनु, वा बालबालिका संलग्न देहव्यापारको बिचौलिया बन्नु

4. बेवास्ता

खाना, लुगा र बासलगायत आधारभूत संरक्षण, हेरचाह, उपचार र शिक्षामा लापरबाही गर्नु, वा बालबालिकालाई असुरक्षित अवस्थामा छाडेर निजको ज्यान वा शरीरलाई जोखिममा पार्ने कार्य



- उचित कारणविना बालबालिकालाई विद्यालय नपठाउनु वा शिक्षा प्राप्त गर्नबाट वञ्चित गर्नु
- बालबालिकालाई आवश्यक खाना, लुगा वा उपचार उपलब्ध नगराउनु
- बालबालिकाको जन्मदर्ता नगराउनु
- बालबालिकालाई घरमा एक्लै वा अन्य किसिमले असुरक्षित अवस्थामा छाड्नु

बालबालिकालाई सहयोग चाहिएको सङ्केतहरू


निम्न कुराहरू बालबालिकालाई सहयोग चाहिएको सङ्केत हुन सक्छन्।

- व्याख्या गर्न कठिन चोटहरू, वा सामान्यतया चोट नलाग्ने ठाउँमा बारम्बार चोट लाग्नु
- असामान्य रूपमा सङ्कुचित वा आक्रामक व्यवहार देखाउनु
- विद्यालयमा बारम्बार अनुपस्थिति, घर छाडेर भाग्नु, वा ढिलो घर फर्कनु
- निरन्तर भोकाउनु, शारीरिक सरसफाइको कमी, वा बिरामी देखिनु

सकारात्मक पालनपोषण: कोरियाले सिफारिस गर्ने तरिका

कोरियाली सरकारले अभिभावक र बालबालिकाले एकअर्काको सम्मान गर्दै स्वस्थ रूपमा हुर्कन सकून् भनी सकारात्मक पालनपोषण सिफारिस गर्छ। सकारात्मक पालनपोषण भन्नाले बालबालिकालाई स्वतन्त्र व्यक्तित्वका रूपमा सम्मान गर्दै संवाद र आपसी समझमा आधारित अभिभावक-बालबालिका सम्बन्ध निर्माण गर्ने तरिका हो। यसलाई व्यवहारमा कसरी उतार्ने भन्ने कुरा तलका 'सकारात्मक पालनपोषणका 129 सिद्धान्तहरू' ले देखाउँछन्।

सकारात्मक पालनपोषण अभ्यास गर्ने तरिका: सकारात्मक पालनपोषणका 129 सिद्धान्तहरू






1. आफ्नो बालबालिकालाई चिन्नुहोस्

प्रत्येक बालबालिकाको स्वभाव र व्यक्तित्व फरक हुन्छ, र उनीहरू आफ्नै गतिमा विकसित हुन्छन्। आफ्नो बालबालिकालाई नजिकबाट नियाल्नुहोस्।
(उदाहरण) लजालु बालबालिकालाई अनुकूल हुन समय दिनु



2. आफैलाई नियाल्नुहोस्

अभिभावकका रूपमा आफ्ना विशेषता र सुधार गर्न सकिने कुराहरूबारे विचार गर्नुहोस्।
(उदाहरण) बालबालिकाले गल्ती गर्दा रिसाउनुअघि आफ्नै भावना जाँच्नु



3. आफ्नो दृष्टिकोण बदल्नुहोस्

आफूले समस्या ठानेको व्यवहार साँच्चै सुधार्नुपर्ने हो कि होइन भनी सोच्नुहोस्।
(उदाहरण) बालबालिकाले बारम्बार सोध्ने प्रश्नलाई जिज्ञासाको अभिव्यक्तिका रूपमा बुझ्नु




4. सँगै हुर्कनुहोस्

आफ्नो बालबालिका हुर्कँदै जाँदा अभिभावकका रूपमा आफ्नो भूमिका पनि परिवर्तन गर्नुहोस्।
(उदाहरण) बालबालिका हुर्कँदै जाँदा आफैले तयारी गर्ने र छनोट गर्ने अवसर बढाइदिनु



5. पूर्ण ध्यान दिनुहोस्

आफ्नो बालबालिकासँग हुँदा केवल बालबालिकामा मात्र ध्यान केन्द्रित गर्नुहोस्।
(उदाहरण) बालबालिकासँग कुराकानी गर्दा फोन थन्क्याउनु



6. ध्यानपूर्वक सुन्नुहोस् र समवेदना जनाउनुहोस्

बालबालिकाले आफ्नो कुरा राख्दा ध्यान दिएर सुन्नुहोस्, र उनीहरूको भावनामा समवेदना जनाउनुहोस्।
(उदाहरण) साथीसँग झगडा गरेको बालबालिकाको कुरा राम्ररी सुनी उनीहरूको दुखलाई बुझ्नु



7. एकरूपता कायम राख्नुहोस्

बालबालिकाले सहमत हुन सक्ने वाचा र नियमहरू बनाउनुहोस्, र तिनलाई एकरूपताका साथ लागू गर्नुहोस्।
(उदाहरण) सँगै तय गरेको सुत्ने समय निरन्तर पालना गर्नु



8. आफ्ना गल्ती स्वीकार्नुहोस्


अभिभावकले पनि गल्ती गर्न सक्छन् भन्ने स्वीकार गर्नुहोस्, र क्षमा माग्नुहोस्।
(उदाहरण) क्षणिक भावनामा रिसाएको भए बालबालिकासामु आफ्नो गल्ती स्वीकारी पहिले क्षमा माग्नु



9. सँगै मिलेर बालबालिका हुर्काउनुहोस्

बालबालिका हुर्काउनु केवल अभिभावकको मात्र जिम्मेवारी होइन। आवश्यक परेको बेला वरपरका मानिस वा विशेषज्ञसँग सहयोग माग्नुहोस्।
(उदाहरण) पालनपोषण कठिन हुँदा बाल हेरचाह सहायता केन्द्र (Support Center for Childcare) जस्ता विशेषज्ञबाट सहयोग लिनु

कोरियामा बालबालिकाको सुरक्षा कसले गर्छ?




कोरियामा परिवार, विद्यालय, स्थानीय समुदाय र सरकारले सँगै मिलेर बालबालिकाको सुरक्षा गर्छन्।

बालबालिकाको सुरक्षामा नजर राख्ने मानिसहरू: "अनिवार्य प्रतिवेदकहरू"


- शिक्षक, बाल हेरचाह केन्द्र र बालविद्यालयका कर्मचारी, चिकित्सा पेसाकर्मीलगायतले बालबालिकालाई बारम्बार भेट्छन् र उनीहरूको वृद्धि तथा स्वास्थ्यको जाँच गर्छन्। बालबालिका जोखिममा भएमा वा दुर्व्यवहारको शङ्का भएमा उनीहरूले सम्बन्धित निकाय (112) सँग सहयोग माग्न सक्छन्।
- यो प्रणाली अभिभावकलाई दण्डित गर्न होइन, बरु बालबालिकाको सुरक्षा जाँच्न र परिवारलाई आवश्यक सहयोग प्रदान गर्न रहेको हो।

※ बाल दुर्व्यवहार दण्ड ऐनको दफा 10(2)। यो बालबालिकाको संरक्षण गर्ने जम्मा 27 पेसागत श्रेणीमा लागू हुन्छ।



बालबालिकाको सुरक्षामा नजर राख्ने मानिसहरूका लागि संरक्षण: "बाल दुर्व्यवहार प्रतिवेदन गर्नेहरूको संरक्षण"





कोरियामा, बाल दुर्व्यवहारको प्रतिवेदन गर्ने वा परामर्श माग्ने जोसुकैको व्यक्तिगत जानकारीलाई कानुनले संरक्षण गर्छ।

कसैले पनि प्रतिवेदकको व्यक्तिगत पहिचानसम्बन्धी जानकारी वा प्रतिवेदक को हो भनी थाहा हुने कुनै तथ्य अरूलाई बताउन वा सार्वजनिक गर्न पाउँदैन। प्रतिवेदन गरेकै कारण कसैलाई पनि प्रतिकूल व्यवहार गरिनुहुँदैन। यी नियम उल्लङ्घन गर्नेलाई दण्ड हुन सक्छ।

※ बाल दुर्व्यवहार दण्ड ऐनको दफा 10(3) र 10-2



बाल दुर्व्यवहारको शङ्का भएमा के हुन्छ?

कोरियाको बाल संरक्षण प्रणाली अभिभावक वा संरक्षकलाई दण्डित गर्न होइन, बरु बालबालिकाको सुरक्षा जाँच्न र परिवार वा संरक्षकलाई आवश्यक सहयोग प्रदान गर्न रहेको हो।

बाल दुर्व्यवहार प्रतिकार्य प्रक्रिया



1. प्रतिवेदन वा परामर्श प्राप्ति

24 घण्टे प्रतिवेदन हटलाइन (112) मार्फत प्रतिवेदन र परामर्शका अनुरोधहरू प्राप्त गरिन्छन्।

2. सुरक्षा जाँच र अनुसन्धान

बालबालिकाको सुरक्षा जाँच्न र आवश्यक जानकारी सङ्कलन गर्न प्रहरी र बाल दुर्व्यवहार प्रतिकार्य अधिकृत (बाल दुर्व्यवहार मुद्दा हेर्ने स्थानीय सरकारी अधिकारी) सँगै आउँछन्।





3. घटना मूल्याङ्कन

अनुसन्धानको नतिजाका आधारमा बालबालिकालाई संरक्षण आवश्यक छ कि छैन भनी निर्धारण गरिन्छ।

4. संरक्षण र सहयोग

- आवश्यक परेमा बालबालिकाले संरक्षण, उपचार, परामर्श र मनोवैज्ञानिक उपचारजस्ता सेवाहरू प्राप्त गर्छन्।
- परिवार र संरक्षकहरूले पनि परामर्श, शिक्षा र मनोवैज्ञानिक उपचारजस्ता कल्याणकारी सेवाहरू प्राप्त गर्न सक्छन्।






5. निरन्तर घटना व्यवस्थापन

बालबालिका र परिवार (वा संरक्षक) ले सुरक्षित र स्वस्थ जीवन निरन्तर बिताउन सकून् भनी सहयोग जारी रहन्छ।

बाल दुर्व्यवहारको रिपोर्ट गर्ने तरिका



आफ्नो बालबालिकाको सुरक्षाबारे चिन्तित हुनुहुन्छ वा पालनपोषण कठिन भइरहेको छ भने तपाईं जुनसुकै बेला सहयोग माग्न सक्नुहुन्छ।

बालबालिकाको सुरक्षाबारे चिन्तित हुँदा प्रतिवेदन र परामर्श

प्रहरी 112

बाल दुर्व्यवहार प्रतिवेदन र अनुसन्धान



स्वास्थ्य तथा कल्याण मन्त्रालय कल सेन्टर 129

बाल दुर्व्यवहार परामर्श; 129 डायल गरी 6 थिच्नुहोस्



सी/गुन/गु (सहर, काउन्टी वा जिल्ला) कार्यालय

बाल दुर्व्यवहार प्रतिवेदन ग्रहण र परामर्श; बाल दुर्व्यवहार अनुसन्धान र संरक्षण सहयोग

बाल संरक्षण निकाय (Child Protection Agency)

दुर्व्यवहारपीडित बालबालिका र उनीहरूका परिवारका लागि संरक्षण र परामर्श सहयोग

अपाङ्गता भएका व्यक्तिको हक अधिवक्ता निकाय

(Agency for the Advocacy of Persons with Disabilities) 1644-8295:

दुर्व्यवहार भोगेका अपाङ्गता भएका बालबालिकाका लागि परामर्श, अनुसन्धान र संरक्षण सहयोग

दानुरी कल सेन्टर (Danuri Call Center) 1577-1366

दुर्व्यवहार र घरेलु हिंसाका घटनामा बहुसांस्कृतिक परिवारका लागि परामर्श, दोभाषे र संरक्षण सहयोग



बालबालिका वा शङ्कास्पद दुर्व्यवहारकर्ताबारे यथार्थ विवरण थाहा नभए पनि तपाईं प्रतिवेदन गर्न सक्नुहुन्छ।

सहयोग प्रदान गर्ने संस्थाहरू

अभिभावक र परिवारका लागि सहयोगी संस्थाहरू



1 अनलाइन सहयोगी संस्थाहरू

राष्ट्रिय बाल अधिकार केन्द्र
(National Center for the Rights of the Child) (02-6454-8500, www.ncrc.or.kr)
बाल कल्याण कार्यक्रमहरूको एकीकृत सञ्चालन र नीति निर्माणमा सहयोग

आइ-सारांग (i-Sarang) (www.childcare.go.kr)
गर्भावस्था, प्रसूति, बाल हेरचाह, र बाल हेरचाह केन्द्र वा बालविद्यालय भर्नासम्बन्धी जानकारी, तथा विशेषज्ञ परामर्श सेवा

गुड पेरेन्ट्स, ह्यापी चिल्ड्रेन
(Good Parents, Happy Children) (www.mogef.go.kr/kps/main.do)
अभिभावक शिक्षा प्रवचन, उमेरअनुसारको पालनपोषण जानकारी, र पालनपोषण स्रोतसामग्री

पेरेन्ट्स अन नुरी (Parents On Nuri) (www.parents.go.kr)
स्व-निर्देशित सिकाइ, वृत्ति र भर्ना, सिर्जनशीलता, र चरित्र शिक्षालगायत बाल शिक्षासम्बन्धी सामग्री

बोक्जिरो (Bokjiro) (www.bokjiro.go.kr)
जीवनका चरणअनुसारका कल्याण कार्यक्रमबारे जानकारी, र सेवा आवेदन

स्वास्थ्य तथा कल्याण परामर्श केन्द्र
(Health and Welfare Counseling Center) (129, www.129.go.kr)
आपत्कालीन कल्याण सहयोग, मानसिक स्वास्थ्य, र बाल दुर्व्यवहारसम्बन्धी सङ्कट प्रतिकार्य सेवाबारे परामर्श र मार्गदर्शन




2 अफलाइन सहयोगी संस्थाहरू

केन्द्रीय बाल हेरचाह सहायता केन्द्र
(Central Support Center for Childcare) (1577-0756, https://central.childcare.go.kr)
अभिभावक शिक्षा र परामर्श, खेलौना र पुस्तक भाडा, र खेल कोठालगायत पालनपोषण सेवा

परिवार केन्द्र (Family Center) (1577-9337, www.familynet.or.kr)
परिवार शिक्षा र परामर्श, परिवार क्षमता विकास, परिवार हेरचाह साझेदारी, साझा पालनपोषण केन्द्र, र बाल हेरचाह सहयोग सेवालगायत हेरचाह कार्यक्रम

बहुसांस्कृतिक परिवार सहयोग पोर्टल दनुरी
(Multicultural Family Support Portal Danuri) (1577-1366, www.liveinkorea.kr)
बहुसांस्कृतिक परिवारका लागि परामर्श र सहयोग कार्यक्रमबारे मार्गदर्शन



सकारात्मक पालनपोषण, सँगै संरक्षण

कोरियामा सुरक्षित र स्वस्थ बालबालिका हुर्काउने: बाल दुर्व्यवहार प्रतिवेदन र सहयोग सम्बन्धी मार्गदर्शन

वयस्क वदिशी बासिन्दाहरूका लागि

अन्त्यमा, कोरियामा बालबालिका हुर्काउने अभिभावकहरूलाई

कोरियाले बालबालिकाको सुरक्षा र अधिकारलाई सर्वोच्च प्राथमिकता दिन्छ, र अभिभावक तथा परिवारले आफ्ना बालबालिका राम्ररी हुर्काउन सकून् भनी विभिन्न सहयोग सेवाहरू प्रदान गर्छ।
आफ्नो बालबालिकाको सुरक्षाबारे चिन्तित हुनुहुन्छ वा पालनपोषण कठिन भइरहेको छ र सहयोग चाहिन्छ भने जुनसुकै बेला माग्नुहोस्। तपाईंको बालबालिका र परिवार स्वस्थ र सुरक्षित रूपमा हुर्कन सकून् भनी कोरिया तपाईंसँगै मिलेर सहयोग गर्नेछ।